# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-२५ | २०७७ पुस २९ गते बुधबार | 13 January 2021 Wednesday | मूल्य रू. १०/-


# सान्नी त्रिवेणीमा पर्यटकको नजर

मिसन न्यूज

कालिकोट

जिल्लाको सान्नित्रिवेणी गाउँपालिका पर्यटकीय क्षेत्रका रुपमा अव्वल मानिन्छ। सान्नित्रिवेणीमा रहेका पर्यटकीय स्थलहरुलाई हेर्ने हो भने जिल्लाकै पर्यटकीय क्षेत्रका रुपमा सान्नित्रिवेणी पहिलो नम्बरमा आउछ। सान्नित्रिवेणीमा रहेका पर्यटकीय क्षेत्र पञ्चदेवल, साइमन शाहीले पर पूर्वक कालमा राज गर्दै आएका तिखोली दर बार, त्रिवेणी पाटन, मुम्रा लेख, पाण्डब गुफा लगायतका पर्यटकीय क्षेत्र भएको भएपनि सान्निवित्रेणीका पर्यटकीय क्षेत्रहरुमा मोटर बाटोको असुविधाले पर्यटकको आवगमन कम भएको स्थानियले दुखेसो पोखेका छन्।

सान्नित्रिवेणी गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रको प्रचार प्रसारका साथै मोटरबाटो निर्माणमा गाउँपालिका लागेको सान्नित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर शाही डिवीले बताए। १ सय वर्ष अगाडि सान्निदरा हुदा साईमन शाहीले राज गर्दै आएको सान्नित्रिवेणीमा रहेको तिखोली दरबार अहिले भग्नाबशेष अवस्थामा रहेको



सान्नीत्रिवेणीको त्रिवेणीमा आन्तरिक पर्यटकहरु । तस्विर : मिसन न्यूज

तिखोली दरबारको जानकारी दिदै स्थानीय कमलबहादुर शाहीले बताए। सान्नित्रिवेणी गाउँपालिकामा रहेको पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्न सके, पर्यटकीय क्षेत्रसम्म मोटरबाटो पुऱ्याउन सके कालिकोटकै पहिलो पर्यटकीय स्थलका रुपमा लिन सकिने अनुमान गरिएको छ। कर्णालीका सवै जिल्ला र सुदूरपश्चिम पहाडका बझाङ, बाजुरा, डोटी, बैतडी र अछामको संगमस्थलको रुपमा त्रिवेणी धामलाई

बाँकी ८ पेजमा....

# करिडोरमा चल्ने गाडिमा भाडादर अनिवार्य

मिसन न्यूज

कालिकोट

कर्णाली करिडोरमा संचालन भईरहेका गाडिमा अनिवार्य भाडादर राख्नु पर्ने जिल्ला स्तरिय सर्वदलिय बैठकले निर्णय गरेको छ। यातायात व्यावसायिहरूले यात्रुबाट मनपरि भाडा अशुलेको गुनासो आएपछि यातायात समिति,जिल्लाका र ाजनितिक दल र नागरिक समाज, पत्रकारहरू बिच भएको सर्वदलिय सर्वपक्षीय बैठकले अब देखि कर्णाली करिडोरमा संचालनमा आएका गाडिमा अनिवार्य रूपमा भाडादर टासेर तोकिएको भाडा लिने र मनपरि भाडा लिएमा रूट पर्मिड समेत खारेज गर्ने निर्णय गरेको छ।

कर्णाली करिडोरमा अहिले संचालन भईरहेका, ३० वटा जिप, र २६ वटा मालवाहक ट्रक संचालनमा छन, केही आधिकारिक रूपमा संचालन अनुमति पाएर संचालनमा छन भने, केही सवारी साधन अनुमति नपाएरै संचालन भएकाले एक हप्ताभित्र अनुमति बिना चलेका सवारि साधनले, प्रक्रियामा जान समय दिएको छ। यात्रुको मर्कालाई मध्याजर गर्दै अर्को बैठकमा करिडोरमा मिनिबस संचालन गर्ने पनि निर्णय गरेको छ। एक यात्रुको साथमा रहेको २५ किलो सम्मको सामानको भाडा नलिने, र २५ किलो भन्दा माथि सामान भएमा सामानको भाडा लिन सवारि साधनलाई निर्देशन दिएको छ।



साथै बैठकले, लालिघाट देखि, रास्कोट,जारकोट, घुराबगर नरहरिनाथ, शान्नि तिवेणि गाउँपालिकामा सम्म संचालन हुँने सवारि साधनले आफ्नो समय अनुसार यात्रु नभरिएपनि पुग्ने ठाउँमा हिंड्नै पर्ने, निर्णय गरेको छ। बैठकले नरहरिनाथ गाउँपालिका र शान्नि तिवेणि गाउँपालिकामा पनि नियमित सवारि संचालन गर्ने निर्णय गरेको छ। यो भन्दा अगाडि, संचालनमा रहेका निजि गाडिले मनपरि भाडा, र सडक भएपनि गाडि चढ्न नपाएर दुख पाईरहेकाले,नर हरिनाथ र शान्नि तिवेणि गाउँपालिकामा गाडि नियमित संचालन गर्ने निर्णय भएको छ। निजि गाडिले अबदेखि रिजव भएमात्र संचालन गर्न पाउने, सामान र टिकट काटेर यात्रु बोक्न नपाउने पनि निर्णय भएको छ। साथै बैठकमा मान्म बजारभित्रका सडकमा निर्माण सामाग्रि र पशु चौपाय छाडा छोड्न नपाउने भएको छ।

## माछापालनमा सकृय

कालिकोट-सान्नी त्रिवेणी गाउँपालिका-४ लिस्नेमा माछापोखरी निर्माणकार्य अन्तिम चर णमा पुगेको छ। सुनौलो कृषि सहकारी संस्था मार्फत निमार्ण कार्य थालिएको माछा पोखरीको काम अन्तिम चरणमा पुगेको हो। पशु सेवा कार्यालय मार्फत करिव ५८ लाखको लागतमा निमार्ण थालिएको पोखरीमा ३० हजार माछा उत्पादन गर्ने लक्ष्यका साथ काम सुरु गरिएको सान्नित्रिवेणी गाउँपालिका-४ का वडाध्यक्ष अनिपाल धामीले जानकारी दिए। वडाध्यक्ष धामीको प्रत्यक्ष सहभागितामा निमार्ण थालिएको पोखरीको जेठ १५ गतेबाट काम थालिएको थियो। काम थालेको एक महिनामा करिव काम अन्तिम चरणमा पुगेको अध्यक्ष धामीले बताए। उनले भने, '३० हजार माछाका भुरा उत्पादन गर्ने लक्ष्य सहित निमार्ण थालेका छौं।' माछाका भुरा उत्पादनका लागि पोखरी बनिसकेको भएपनि उत्पादित भुरालाई हुर्काउनका लागि निमार्ण थालिएको पोखरीको काम अवको एक हप्ताभित्र निमार्ण सकिने धामीले बताए। समयमै बजेट नआएकाले निमार्ण कार्य केही ढिला भएपनि आफुले सोचभन्दा बढी काम गरेको धामीको भनाई छ।

लकडाउनका कारण दुइमहिना ढिलो भएपनि निर्धारित समयमा काम सम्पन्न गरिसक्ने उनको दाबी छ। पोखरी निर्माणका लागि ४ वटा समूह निर्माण गरि काम सञ्चालन भइरहेको सुनौलो कृषि सहकारी संस्थाकी अध्यक्ष सुनिता धामीले बताइन्। दैनिक ९० जना भन्दा बढी सहकारीका सदस्यहरुले रोजगारी समेत पाएका छन्। पोखरी निमार्णका लागि सहकारीका सदस्य बाहेक अन्यलाई काममा रोक लगाइएको छ। सहकारीका सदस्यको आर्यआर्जनमा सहजताका लागि पनि सहकारीले आफ्नै सदस्य मार्फत माछा पोखरीको काम थालेको छ। प्रदेश र केन्द्र सर कारको बजेटको कालीकोटमा दुरुपयोग हुने सम्भावना भएको भएपनि सुनौलो कृषि सहकारी मार्फत निमार्ण थालिएको पोखरीले भने बजेटको सदुपयोगमा नागरिकलाई केही आशा देखाएको छ। एक महिनाको अवधिमा पोखरी निमार्ण गर्नु भनेको राम्रो पक्ष भएको सरोकारवालाको भनाई छ। कालीकोटमा उत्पादन भएका भुरा जुम्ला, दैलेख, अछाम, सुर्खेत लगायतका जिल्लाहरु सम्म पुगाउने लक्ष्य लिएको वडाध्यक्ष धामीले बताए। उनले भने, 'हामीले रकमको दुरुपयोग गर्नका लागि पोखरी बनाएका होइनौं,यो पोखरीले सहकारीका सदस्यको भविष्य बोकेकाले रकममा दुरुपयोग नहुने, समुहका सदस्यहरुको जनश्रमदान सहित उत्कृष्ट पोखरी बनाउने छौं।' ३ वटा पोखरी, २ वटा रिजर्व ट्याङकी, र करिव १ सय मिटरको कुलो निमार्ण गरी सान्नित्रिवेणीमा रेम्बो ट्राउड माछा उत्पादन गरिने भएको छ।

# सम्पादकीय...

## पर्यटन विकासमा जोड गरौ

मुलुकको आर्थिक विकासको लागि पर्यटन क्षेत्रले महत्वपुर्ण स्थान ओगटेको छ। उसो त सरकारले निर्माण गरेको नीतिमा समेत आर्थिक विकासका लागि पर्यटनलाई महत्वपूर्ण क्षेत्रको रुपमा समावेश गरिएको छ । मुलुकको अर्थतन्त्रको करिब दश प्रतिशत हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ। पर्यटकीय दृष्टिकोणले नेपाल धेरै सम्भावना बोकेको क्षेत्र हो । प्राकृतिक रुपमा भएका स्रोत साधानहरु र प्राचिन सम्पदालाई मात्रै प्रयोग प्रचार-प्रसार र प्रबर्द्धन गर्न सके नेपालको पर्यटनले कुल ग्राहस्थ उत्पादनको आधा हिस्सा ओगट्न सक्ने क्षमता राखेको छ। जैविक विविधता, प्रकृतिका अनुपम उपहार हिमश्रृंखला, नदीनाला र तलाउका साथै नेपालमा पाईने जमिन र उत्पादनको विविधता पनि नेपालको पर्यटनका आधार हुन् ।

तराई पहाड र हिमाली भू-भागमा जमिनको बनावटमा रहेको विविधता र यहाँका कला संस्कृति तथा पौराणिक महत्वका बस्तुहरुले अर्कोतर्फ पर्यटनको विकासलाई टेवा पुऱ्याईरहेका छन् । प्राकृति रुपमा मात्रै नभइ मानवीय विकासका कारण समेत नेपालमा पर्यटकीय क्षेत्र बढ्दै गएका छन् । कालिकोट जिल्लाको सान्नी त्रिवेणीमा र हेको त्रिवेणी धाममा नेपालबाट मात्रै नभइ भारत र तेस्रो मुलुकबाट समेत पर्यटकहरु आउने गरेका छन् । जसका कारण पर्यटन व्यवसायलाई समेत एउटा अवसर प्राप्त भएको छ भने सयौं व्यक्तिले अप्रत्यक्ष रुपमा रोजगार समेत पाएका छन् ।

यसका अलावा पचालझरना, वडिमालिका मन्दिर तथा कालिकोट जिल्लाको विभिन्न क्षेत्रमा स्थापना गरिएका होमस्टे, सबै पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका छन् । समय बदलिएको छ । भएका संरचनालाई समायानुकुल परिवर्तन गर्ने र पुराना संरचनाको लागि नयाँ संरचनाको निर्माण गर्ने काम नगर्ने हो भने पर्यटनको क्षेत्रमा विकास सम्भव नभएको प्रमाणित यस्ता घटनाले गरेका छन् । पर्याप्त प्रचार-प्रसार र आन्तरीक तथा बाह्रय पर्यटकलाई भित्राउनका लागि प्रकृतिका अनुपम उपहारमा केही कृतिम संरचना निर्माण गर्दा पर्यटनको क्षेत्रमा फड्को मार्न मद्दत गदर्छ। लगानी गरेर पनि त्यसको प्रबर्द्धन गर्न नसक्नाले धेरै सम्भावना लुकेर बसेका छन् । संभावनालाई बाहिर ल्याउन थोरै लगानी र थोरै मेहेनत गर्ने होभने धरै प्रतिफल दिने क्षेत्र पर्यटन हो भनेर सबैले बुझ्नु जरुरी छ ।

# कर्णाली राजमार्गमा खोला चुनौती

मिसन न्यूज
कालिकोट

कर्णाली राजमार्गमा साना खोलाहरु बाधक बन्ने गरेका छन् । राजमार्गको बिभिन्न स्थानमा रहेका खोलाहरु वर्षायाममा पानी पर्न बित्तिकै बढ्ने भएकाले यातायातका साधन सञ्चालनमा समस्या बाढी आउने र केही स्थानमा पहिरो जाने भएकाले सडक अवरुद्ध हुने गरेको छ । कालीकोटको शुभकालिका गाउँपालिका-१ को गगनेखोलामा पानी पर्ना साथ पहिरो जाने गरेको छ भने कालेखोला, खाँडाचक्र नगरपालिका-२ को सुनार खोलामा पानी पर्दा साथ हिलो हुने भएकाले



हुँदै आएको छ । दैलेखमा रहेका घट्टेखोला कालीकोटमा रहेका दैखोला, एसमोड, सेरीघाट खोला, सुनारखोला, बिहानी खोला, गगनेखोला, कालेखोला र खल्लागाड खोलाले पानी पर्नाबित्तिकै अवरोध गर्दछ। सानो पानी पर्दा पनि खोलामा सवारी साधन रोकिने गरेका छन् । कालीकोटको तिलागुफा नगरपालिका-६ को खल्लागाड खोलामा बाढीका कारण सडक सधैंजसो सडक अवरुद्ध हुने गर्दछ। खोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेपछि वर्षासँगै खोलामा आएको

बाँकी ६ पेजमा.....

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

पलाता गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# यसरी खोलौं कृषिमा विदेशी लगानी



**मुराहरि पराजुली**

सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को अनुसूची संशोधन गर्दै कृषिमा विदेशी लगानी खोल्ने निर्णय गरेको छ। यो निर्णयमा केहीले विरोध जनाएका छन् भने कतिपयले समर्थन गरेका छन् । यसबारे हामीले सरोकारवाला पक्षहरू र स्वतन्त्र विज्ञहरूको विचार शृंखला सुरू गरेका छौं । सरकारले कृषिका केही क्षेत्रमा सशर्त विदेशी लगानी खुला गर्ने निर्णय गरेपछि केहीले विरोध गर्न थालेका छन्। के यो विरोध जायज हो? विदेशी लगानी भित्रिँदा हाम्रो कृषि, हाम्रा किसान र कृषि उद्यमी धराशयी हुन्छन्? अनि हाम्रा उपभोक्ता नि ?

हाम्रो कृषिका अनेकौं समस्या छन्। त्यसमध्ये एउटा अपर्याप्त पुँजी लगानी हो। कृषिको आधुनिकीकरण तथा बजारीकरणका लागि ठूलो लगानी आवश्यक हुन्छ ।

पर्याप्त लगानी नभएकैले हाम्रो कृषिको ठूलो हिस्सा निर्वाहमुखी रहँदै आएको छ । सरकारले कम्तीमा ७५ प्रतिशत निकासी गर्ने गरी खुला गरेको पशुपन्छीपालन, माछापालन, दुग्ध व्यवसाय, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन क्षेत्रका व्यवसायीले विरोध गरिरहेका छन्। सरकारको निर्णयबाट ती क्षेत्रमा भएको अर्बौं लगानी डुब्ने दाबी गरिएको छ । यसमा संयुक्त विज्ञप्ति निकालेर उद्योग व्यवसायीका तीन ठूला संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले पनि साथ दिएका छन्। विदेशी वस्तु उपभोग गर्ने तर देशको कृषि, किसान र उद्यमलाई बिछट्टै माया गर्ने विज्ञले पनि चर्को आलोचना गरेका छन् । खुला गरिएको भनिएका क्षेत्रका व्यवसायीले विरोध गर्नु नौलो होइन। लागे(पुगेसम्म आफ्नो व्यवसायमा अर्को प्रतिस्पर्धी नआओस् भन्ने चाहना सबैको हुन्छ। व्यवसायीहरू गर्नलाई प्रतिस्पर्धाको वकालत गर्छन्, कार्टेलिङ र सिन्डिकेटको विरोध गर्छन् तर आफ्नो व्यवसायमा संरक्षण खोज्छन् । कृषि, पर्यटन, जलविद्युत, सेवा, व्यापार सबै क्षेत्रका व्यवसायीले संरक्षण खोज्छन् । स्वदेशी उद्योगको नाममा खोजिने संरक्षण (कर छुट, उत्पादनमा अनुदान, विदेशी आयातमा प्रतिबन्ध, कोटा निर्धारण, उच्च भन्सार महसुल, देशमा उत्पादित वस्तु निर्यातमा अनुदान आदि) सबभन्दा धारिलो अर्थ(राजनीतिक हतियार हो। यसले राजनीतिक नेतृत्व र व्यवसायी दुवैलाई उच्चतम लाभ दिन्छ । स्वदेशी उद्योगको संरक्षण गरेजस्तो देखिँदा राजनीतिकर्मीलाई राजनीतिक तथा आर्थिक लाभ दुवै हुन्छ। यस्ता छुट र अनुदानका प्रावधानको प्रत्यक्ष लाभग्राही व्यवसायी हुने नै भए। उखु किसान र चिनी उद्योग संरक्षणलाई नै हेरौं। पहिले चिनी आयातमा भन्सार महसुल बढाइयो, पछि आयात गर्नै नमिल्ने गरी कोटा निर्धारण गरियो ।

यसको लाभ कसले पायो? किसानले पाए? उपभोक्ताले पाए ? उखु उत्पादन बढेर संसार भर चिनीको भाउ घटिरहेका बेला नेपाली उपभोक्ताले इतिहासमै सबभन्दा महँगो मूल्य तिरे। किसानले भुक्तानी पाइनँ भनेर सडकमा आउनुपर्‍यो । अर्को उदाहरण चक्लाबन्दी खेतीका लागि किसानलाई दिइएको अनुदानको छ। मैले भेटेको समूहमा ८(१० जना किसान मिलेर ठूलो क्षेत्रफलमा खेती गरिरहेका छन्। पहिले स(साना टुक्रामा बाँडिएको जमिनलाई एउटै ठूलो प्लट बनाएर उनीहरूले बाली लगाउन थालेका छन् । 'उत्पादन भने बढेन,' समूहका नेताले भने, 'पहिले जति धान फल्थ्यो, अहिले पनि त्यति नै फल्यो। खर्च मात्रै उठ्यो ।' उनले भने, 'खासै फाइदा भएन। पहिलोचोटि भएर होला !' एकछिनपछि उनको अनुहार उज्यालो भयो। केही सम्झिएजस्तो गरी भने, 'सरकारले दिएको दस लाख अनुदान चाहिँ फाइदा भयो ।' चक्लाबन्दी गरेर पनि धान उत्पादन बढाउन नसकेको, उही परिमाणको उत्पादन बढी मूल्यमा बिक्री गरेर नाफा कमाउन नसकेको यो समूहलाई सरकारले अब तोरी खेतीमा थप अनुदान दिँदैछ। खासमा यस्ता अनुदान आफ्नो चिनेजानेको मान्छे सरकारमा हुँदा मात्र पाइने भएकाले त्यस्तो अवसर पाउने भाग्यमानी भएकोमा उनी दंग थिए । 'जोसुकैले यही गर्ने त हो नि! सरकारमा हाम्रा मान्छे नभएका भए अनुदान कहाँ पाउँथ्यौं र?' उनले भने ।

अनुदानले वास्तविक किसान र उपभोक्ताको हित गर्दैनन् भन्ने यी केही उदाहरण हुन्। नेपालमा किसानका नाम जोडिएका हरेक कार्यक्रमको समीक्षा गर्ने हो भने यस्तै निराशा हात लाग्छ । रासायनिक मलको ढुवानी हेरौं। सरकारले रासायनिक मल आयात गरी त्यसमा अनुदान दिएर किसानलाई सस्तोमा उपलब्ध गराउने जिम्मा लिएको छ। किसानले मल कहिल्यै पर्याप्त र चाहिने समयमा पाउँदैनन्। बिडम्बना हो, सरकारले अनुदानमा रासायनिक मल उपलब्ध गराउँछु भन्छ, किसानले पाउँदैनन् । किसानको नाममा राजनीति हुने नेपाल एक मात्रै विशिष्ट मुलुक होइन। संसारभर किसान र कृषिका नाममा राजनीति हुन्छ। हामीकहाँ संख्यात्मक हिसाबले किसान समूहको भोट धेरै हुनाले यो समूहलाई चिढ्याउन राजनीतिकर्मीहरू चाहँदैनन्। पश्चिमा तथा विकसित मुलुकतिर कथित किसानको समूह धनी हुन्छ । चुनावताका राजनीतिकर्मीलाई ठूलो चन्दा दिनेहरूमा पर्छन् । त्यसैले सबैजसो मुलुकमा मतदाता तथा चन्दादाताका रूपमा किसान राजनीतिकर्मीका लागि महत्वपूर्ण समूह हो। यस किसिमको अर्थ राजनीतिमा धेरै भावनात्मक कुरा गरिन्छन्। कृषिलाई मानव जीवनको अस्तित्वसँग जोडेर महिमा गाइन्छ। नेताहरू आफूलाई किसानको छोरो भन्नुमा गर्व गर्छन् । किसानलाई महान बनाइन्छ। अनि कृषि र किसान संरक्षण गरिनुपर्ने अतिआवश्यक क्षेत्र र पेसा हो भन्ने भान पारिन्छ। करदातालाई पनि सरकारले कृषिको उत्थानका लागि गरेको फजुल खर्चमा खासै चित्त दुखाइ हुँदैन। विज्ञ विश्लेषकहरू कृषिको महानता व्याख्या गर्न व्यस्त हुन्छन् ।

यो गलत हो। एका(दुई अपवादबाहेक सामान्यतया आर्थिक नियमको चरित्र सर्वव्यापी र सर्वकालिक हुन्छ। जुन कुरा इतिहासमा ठीक थियो अहिले पनि ठीक हुन्छ। जुन कुरा युगाण्डा, जापान वा अस्ट्रेलियाका लागि सही हो, सोही कुरा श्रीलंका, नेपाल वा नर्वेका लागि सही हुन्छ। भूमि, पुँजी तथा श्रमजस्ता उत्पादनका साधनको खुला आवतजावतले उत्पादक र उपभोक्ता दुवैको अधिकतम हित गर्छ । उत्पादनका साधन परिचालन गर्ने विशुद्ध आर्थिक गतिविधिमा राजनीतिक तथा प्रशासनिक हस्तक्षेपले विकृति ल्याउँछ। राजनीतिक तथा प्रशासनिक हस्तक्षेपले लाभग्राहीको विभाजन गर्छ। यसले उपभोक्ता (राजनीतिक तथा आर्थिक) लाई मारेर उत्पादकलाई फाइदा गर्छ। राजनीतिक निर्णयहरू प्रायः सतहमा देखिने एउटा र भित्र अर्कै हुन्छ ।छरिएका उपभोक्तासँग एकीकृत उद्देश्य नहुँदाको अर्थ(राजनीतिक लाभ एकल उद्देश्य भएको र संगठित राजनीतिकर्मी र व्यापारीको समूहले उठाउँछ । सेतोपाटी डटकमबाट

**सिंचाइ पुर्वाधार, खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।**

खानेपानी, सिंचाई तथा उर्जा विकास
कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
- बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौँ ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
- खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

रास्कोट नगरपालिकाको
कार्यालय
कालिकोट

# कर्णालीमा धमाधम जडिबुटी दोहन

मिसन न्यूज
कालिकोट



हुम्ला, डोल्पा जुम्ला, मुगु र कालिकोटका जंगल लेक र पाटनमा पाइने जडीबुटीको बर्सेनी हुने संकलन र दोहनले यहाँका स्थानीयबासीको जीवनस्तर उकासिएको छ । तर पनि संरक्षण हुन नसक्दा यी जिल्लामा जडीबुटीको मूल क्षेत्र पाटनहरूमा बहुमूल्य जडीबुटी लोप हुन थालेका छन् । स्थानीयका लागि आम्दानीको प्रमुख स्रोत भए पनि बर्सेनी दोहनका कारणले जडीबुटी लोप हुन लागेका हुन् । वनस्पति विभागका अनुसार सात हजार किसिमका फूल फुल्ने वनस्पतिमध्ये ७०० प्रजातिका वनस्पति जडीबुटी औषधिका रुपमा प्रयोग हुँदै आएको र ती औषधिका रुपमा प्रयोग हुने जडीबुटीमध्ये सबैभन्दा बढी कर्णाली क्षेत्रमा जडीबुटी उत्पादन हुने गरेको तथ्यांक र हेको छ । कर्णालीमा पाइने धेरै प्रजातिका जडीबुटीमध्ये यार्सागुम्बा प्रमुख जडीबुटी हो। तर बर्सेनि पाटनमा यार्सा दोहोन गर्दै जाँदा अघिल्ला वर्षहरूका तुलना यस वर्ष खासै पाटनमा पाइएन । यार्सागुम्बा पाइने पाटनहरुमा पुगेका यहाँका स्थानीय यार्सागुम्बा नपाइदा त्यहीबाट भारत पलायन हुन पुगेका छन् । विगतका तुलनामा यार्सागुम्बा कम पाइन थालेको मुगु जिल्ला मुगु कार्मारोङ गाउँपालिका २ का वडाध्यक्ष कार्मा तामाङले बताए । 'पहिला पहिला यार्सागुम्बा धेरै पाइने पाटनमा यो बर्ष पाइदै पाइएन्' उनले भने,'यार्सागुम्बाको दोहन मात्र भयो। त्यसको संरक्षण हुन सकेन ।' कर्णालीका उच्च हिमाली भेगका रिमार, कोइकी, हाङदाङ खोला, छापाखोला, दोल्फु पाटन, टाके लगायतका पाटन क्षेत्रमा यार्सा कम पाइन थालेको बिगत ११ वर्षदेखि यार्सा संकलन गर्दै आएका डोल्पा त्रिपुरा सुन्दरी गाउँपालिका म्याम्बो लामाले बताए । 'सुरुका वर्षमा पाटन यार्सागुम्बा धेरै पाइने गरेको थियो ' उनले भने, 'वर्सेनि दोहनले पाटनमा यार्सा पाउन कठिन भएको छ ।' त्यस्तै चिराँइतो, कटुकी, पाँचऔंले आदि जडीबटी भदौ(असोजमा संकलन गरिन्छ । कर्णालीका हिमाली भेगका वन र पाटनमा पाइने यस्ता जडीबुटी टिपेर वर्सेनि कमाइ गर्ने तर संरक्षणमा ध्यान नदिँदा केही वर्षमै सो भेगबाट अमूल्य जडीबुटीहरू लोप हुने खतरा रहेको जुम्लाका स्थानीय नरबहादुर बुढाले बताए । 'कर्णालीका उत्तरी भेगको जडिबुडी यहाँका स्थानीयको आयआर्जनको प्रमुख स्रोत हो ' उनले भने,'रोजगारीमा नगई जडीबुटीबाट मात्र एक घरधुरीले वर्षमा न्यूनतम ३ लाखभन्दा बढी कमाइ गर्ने गरेका छन्' उनले भने,'व्यवस्थित रूपमा जडीबुटी संकलन नहुँदा बर्सेनी जडीबुटी उत्पादन घटेको हो ।' जिल्ला वन कार्यालय कालिकोट हुम्लाका अनुसार जडीबुटी टिप्ने यामभन्दा अगाडि नै संकलन पुर्जी दिँदा स्थानीयले हतारमै टिपेर बेचबिखन गर्ने चलन बढेकाले वनमा जडीबुटी कम हुन थालेको जनाएको छ । केही स्थानीय तहले जडीबुटी संकलनमा रोक लगाएको भएपनि जडीबुटीका ठेकेकारका त्यो काम कठिन भएको

बाँकी ६ पेजमा.....

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## सर्म्पुणमा अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट






# कोभिडका कारण मानिसले गर्ने व्यवहार र समाज बुझ्े

मिसन न्यूज
सुर्खेत

डरको रंग हुदैन रहेछ। कस्तो, कसरी र कुन बाटो भएर डरको आगमन हुन्छ त्यसको बारेमा मानिसलाई केही पत्तो हुदैन । डर एक्कासी पैदा भएपछि समय बितेपछि त्यो अनुभुति मात्र बन्छ। गत वर्षको चैत(वैशाखको तापक्रममा गर्मी बढेसँगै त्रास बढ्दै गयो। कारण थियो कोरोना महामारीमा संक्रमितको ग्राफ उकालो लाग्दै गयो। तापक्रम बढेसँगै मानिसमा डर जमेर बस्यो। कोरोना जस्तै केही डर क्षणिक, दीर्घकालीन बन्छन् र विलीन हुँदै गएपनि अझ सुषुप्त बन्दै जाने रहेछन् ।

पुरुषले गर्ने काम महिलाले हिजो आज सहजै गर्न सक्ने भइसकेका छन्। हिमाल आरोहण, बैंकिङ,चिकित्सा क्षेत्रदेखि विभिन्न प्रशासनिक निकायको उपल्लो दर्जामा पुगी महिलाले आफ्नो क्षमता देखाउन थालिसकेका छन्। तिनै मध्येकी एक हुन महिला सशस्त्र प्रहरी बलका नायव उपरीक्षक (डिएसपी) तथा बलम्बु अस्पतालकी ’मेट्रोन’ (नर्सिङ प्रमुख) लक्ष्मी अधिकारी जागिर



उनै लक्ष्मीले जिम्मा पाएको छिन्।कोरोना संक्रमित मृतकको अनुहार आफन्तले कहिलेसम्म हेर्न नपाउने?जब उनी सेवामा प्रवेश गर्दा मुलुकमा जनयुद्ध चल्दै थियो। ’युद्ध हुँदा नलागेको डर यसपटकको कोरोना महामारीले मनमा डर जमाए

प्रहरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई पनि संक्रमितको उपचार गर्नलाई तालिम दिने र भैपरी अवस्थामा कसरी उपचार गर्न सकिन्छ भन्दै परामर्श अभियानमा जुटेको थियो । कोरोना जितेर भेरी अस्पताल थेगेका डाक्टर लक्ष्मी अहिले

प्रहरी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई पनि संक्रमितको उपचार गर्नलाई तालिम दिने र भैपर नियन्त्रण गर्नु थियो। आफै डराए भने अरुलाई कसरी सम्झाउने किनभने मेरो काँधमा ठूलो जिम्मेवारी आइपरेको थियो। डरबाट जित्ने हो भाग्ने होइन, ’ थाहाखबरसँग कुरा गर्दै उनले भनिन,’ डराएर भागेर जाने ठाउँ पनि थिएन। संसारभर फैलिइसकेको थियो । डरलाई काबुमा राखे। पाँच पटक सम्म पिसीआर परीक्षण गरे तर, कोरोना देखाएन। अस्पतालको व्यवस्थापन राम्रोसँग भएकोले मृत्यु हुनेभन्दा पनि संक्रमणमुक्त भएर जानेको संख्या बढी रहेको छ ।’ अस्पताललाई कोरोना डेडिकेटेड अस्पताल बनाएपछि सबै जिम्मेवार हामीले सम्हाल्नुपर्छ भन्दै उनी अन्य सहकर्मीलाई सम्झाउन थालिन्। आफ्नो जिम्मेवारीबाट पन्छिन नमिल्ने र यो हाम्रा लागि अवसर भएको भन्दै अरुलाई उनले बुझाउँदै गइन् । स्वास्थ्य क्षेत्रमा लामो समयसम्म अनुभव सम्हालेको र दक्षता भएकै आधारमा लक्ष्मीले कोभिड अस्पतालको सम्पूर्ण जिम्मा पाइन् ।

बाँकी ८ पेजमा.....

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

## कर्णालीमा धमाधम............................

कालिकोट सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए। जडिबुटीको अबैध व्यापार ब्यापारीले राजश्व छलेर जिल्लाबाट अवैध रुपमा बहुमूल्य जडीबुटी जिल्ला बाहिर निकासी गर्ने गरेका छन। जिल्ला वन कार्यालय कालिकोटबाट बिक्री पुर्जी नै नलिई ब्यापारीले जिल्लाको जडीबुटी नेपालगंज र काठमाडौंसम्म पुर्‍याउने गरेका छन। प्रत्येक वर्ष कालिकोट जिल्लाबाट बहुमूल्य जडीबुटी जिल्लाबाट बाहिरिने गरे पनि त्यसतर्फ जिल्ला वन कार्यालय र सरोकारवाला पक्षको ध्यान नजाँदा करोडौंको राजश्वमा पनि घाटा हुँदै आएको उद्योग बाणिज्य संघ कालिकोटका अध्यक्ष सूर्यबहादुर शाहीले बताए। 'जिल्ला वन कार्यालयले जडिबुडी ब्यापारीलाई बिक्री पुर्जी र जडीबुटीमाथि कर लिने अधिकार भए पनि जिल्ला वन कार्यालयले त्यसतर्फ उचित कदम नचाल्दा राजश्वमा घाटा लाग्दै आएको छ' उनले भने,'ब्यापारीले निर्वाध रुपमा जडीबुटीको संकलन ब्यापार गर्दै आएका छन् ।' जिल्लामा पाइने जडीबुटीबाट ब्यापारीलाई फाइदा भए पनि स्थानीय संकलनकर्ताबाट ब्यापारीले सस्तोमा जडीबुटी खरिद गर्ने भएकोले स्थानीय संकलनकर्ताले थोरै पैसामा जडिबटी बिक्री गर्ने गरेको नरहरि नाथ गाउँपालिका ९ लालुका रानीवन उपभोक्ता समितिका अध्यक्ष कालो सार्कीले बताए । 'ब्यापारीले सस्तोमा नै जडीबुटी खरिद गर्ने गरेका छन्' उनले भने,'त्यसले संकलनकर्तालाई घाटा लागेको छ।' चिराँइतो सतुवालगायतका जडीबुटीको बजार मूल्य प्रतिकिलो १५ सयदेखिमाथि रहे पनि जिल्लाको जितेगडा बजार मा खरिद गर्ने ब्यापारीले स्थानीय संकलनकर्तालाई प्रतिकिलोको ५०० मात्र दिने गरेको कुरा नरहरि नाथ ५ रुप्साको जडीबुटी संकलक रामबहादुर बोगटीले बताए । 'नेपाल सरकारको मूल्य सूचीभन्दा कममा ब्यापारीले हामीलाई पैसा दिन्छन् ।

## कर्णाली राजमार्गमा ............................

बाढीले सास्ती दिने गरेका यातायात व्यावसायी हस्तबहादुर बमले गुनासो पोखे । 'पुल बन्न लागेको चार वर्ष भयो,' उनले भने, 'अहिलेसम्म पनि पुल बन्न सकेको छैन । यातायात साधन सधैं यसै खोलामा जाममा पर्छन्।' दहीखोला र घट्टेखोलामा पनि सवारीसाधन हप्तौंसम्म खोलामा थन्किने गरेको खाँडाचक्र नगरपालिका-१ वडाध्यक्ष गणेशबहादुर शाहीले बताए । 'खोलामा भएका ठाउँमा अवरोध हटाउने गरी डिजाइन नगर्दा समस्या आएको छ,' उनले भने, 'यी खोलाहरुमा पुल नबन्दा समस्या भएको छ। त्यसलाई हल गर्न माथिल्लो निकायले चासो दिनु पर्ने देखिन्छ । अधिकांस खोलामा निर्माणधिन पुलहरु अलपत्र अवस्थामा छन् ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# फैसलामा ढिलाइ र अनेक सम्भावना

**मिसन न्यूज**

**काठमाण्डौं**

प्रतिनिधिसभा बिघटनविरुद्ध सर्वोच्चमा परेको एक दर्जन मुद्दालाई तीन साता बितिसक्दा समेत अन्तिम प्रक्रियाको सुरसारमा लगिएको छैन । राष्ट्रिय महत्वको हिसाबले निकै जरुरी र गम्भीर मुद्दामा लगातार सुनुवाई गर्ने भनिएपनि यत्रो दिनको 'ग्याप' हुनु अचम्म हो भन्नेहरु थुप्रै छन् । 'रात रहे अग्राख पलाउँछ' भनेझैं यस्तै महत्वपूर्ण र 'क्रुसियल पिरियड' मा हुने खेलो फड्कोले राजनीतिक कोर्स अन्यत्रै जाने गरेको इतिहास पनि हामीसँगै छ । केही विश्लेषकले नेपाललाई कुनैपनि राजनीतिक खेलाडीको 'गेम' पूरा हुन नपाउने अचम्मको देशको रूपमा चित्रण गरेका छन् । उदाहरण दिँदै भन्छन् '२०४६ सालमा राजालाई त्यो तहको 'डाउन साइज' मा राख्न भारतले खोजेकै थिएन । उसको बटमलाइन बहुदलीय पञ्चायती व्यवस्था मात्र थियो । तर ,परिस्थितिले अर्कै मोड लिएपछि पञ्चायत उड्यो ।'

१०४ बर्षको राणातन्त्र ढालेर जनताको सरकार आयो तर तिनै मोहन समशेरलाई प्रधानमन्त्री मान्नुपर्यो,०१५ सालको पहिलो दुई तिहाइवाला सरकार दुई बर्ष पनि टिकेन,०४६ मा काङ्ग्रेस( कम्युनिस्ट मिलेर बहुदल फर्कियो तर काङ्ग्रेसकै **झगडाले छत्तिसे र चौहत्तरे जन्मायो**

त्यसैगरी,२०६२(०६३ को आन्दोलनमा 'गणतन्त्र' एजेण्डा नै नरहेको बताउँदै विश्लेषकहरू भन्छन् 'न गणतन्त्र,न धर्म निरपेक्षता,न संघीयता कुनैपनि एजेण्डा नै थिएन । 'टु पिलर सिष्टम' भनेर र ाजतन्त्रसहितको लोकतन्त्र वा प्रजातन्त्र भनिएको थियो । तर,पछि हुँदै नभएको एजेण्डासहितको व्यवस्था घोषणा गरियो । ती सबै खेल भित्रभित्रै राजा ज्ञानेन्द्रलाई ठीक पार्न भन्दै रचिएको परि णाम थियो ।' हुन पनि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत त्यतिबेला 'बेबी किङ्ग' भनेकै हुन् । त्यो भनेको एक किसिमले राजतन्त्र कायम राख्ने अडान थियो । त्यहि अन्तर संघर्षका कारण लामो समयसम्म संविधान निर्माण र जारी दुवै हुन सकेन । अहिले स्थिति पूरै देश 'प्रधानमन्त्री ओली भर्सेज अरु सबै एकातिर' को अवस्थामा ध्रुवीकृत बन्दै गएको छ । पार्टी अध्यक्ष र दोश्रो काल प्रधानमन्त्रीमा नियुक्ति,रास्ट्रपतिमा आफ्नो रोजाइजस्ता घटनाक्रमबाहेक ओलीका हरेक 'मुभ' उल्टो प्रमाणित हुँदै गएको छ । गणतन्त्र उहाँको एजेन्डा थिएन । बैशाखको अध्यादेशसम्बन्धी मुभले मधेशवादी दलहरूलाई एक गराइदियो । त्यसमा बाबुराम भट्टराईहरू समेत समेटिए । अनि विवेकशील साझालाई पनि मिल्ने अवसर जुर्यो । तर आफ्नो पार्टीलाई उठ्नै नसक्ने गरी प्रधानमन्त्री ओलीले चकनाचुर पार्नुभयो । आफ्नो घर डढाएर अर्काको घरमा खरानी धस्ने काम भयो । त्यहि मेसोमा अरुले पुसको जाडोमा नेकपाको जलेको घरको राप ताप्ने मौका पाएका हुन् ।

प्रधानमन्त्रीले जतिसुकै उफ्रे पनि संघीयता र धर्मनिरपेक्षता 'करेक्सन' गर्छु भन्न सक्नुहुन्न । भन्ने ठाउँ पनि छैन । यस्तो परिस्थितिमा प्रधानमन्त्री ओली आत्मविश्वासकासाथ ड्याङ्गड्याङ्ग बोलिरहनुभएको छ । क्याबिनेटका सदस्यहरु मौन बसिरहँदा पनि उहाँ सबैसँग वाकयुद्धमा उत्रिनुको तत्व र कारणको खोजी हुन थालेको छ । प्रधानन्यायाधीश चोलेन्द्रसमशेर र णासँग कतिपय नियुक्तिलगायतका विषयमा सहकार्य भएको हिसाबले पनि उहाँमा आत्मविश्वास बढेको हुनसक्ने अर्थ लगाइएको छ । 'बा' भन्दै उफ्रिने स्वार्थी छोराछोरीले उचालेका कारण पनि उहाँले वाकयुद्ध छेड्नुभएको कतिपयको अनुमान छ । प्रधानमन्त्रीमा देखिएको एउटा आँट छ । जनआस्थाबाट

# जापानी कामुक केटीको अचम्मलाग्दो कथा

**मिसन न्यूज**

**जापान**

सादा आवे जापानी युवती हुन् । आमाबाबुका आठ सन्तानमध्येकी कान्छी छोरी । कान्छी भएकैले अमा काटसुको प्यारी थिइन् । त्यसैले सादाले अरुको दाँजोमा मनपरी गर्न पाइन् । स्कुलमा पनि गायन र नृत्य सिकिन् । त्यो पनि नेपालको बादी समुदायका महिलाले जस्तै गाउने र नाच्ने थाले । यो पेशालाई पतित मान्न थाले । सादाले गिशा र वेश्याहरुले जस्तै गाउने र नाच्ने कला सिकिन् । बेन्जुजस्तै बजाउने जापानी बाजा सामिसेनमा पारंगत भइन् । स्टाइलिष्ट मेकअप गरेर हिँड्न थालिन् । चाँडै नै आफूलाई 'आधुनिक' मान्ने ठिटाठिटीको समूह बनाइन् । १४ वर्षकी थिइन्, सधैं जसरी समूहसँग घरबाट टाढा जाँदाको समयमा आफ्नै साथीबाट बलात्कृत भइन् ।



कला । जापानमा गाएर, नाचेर पुरुषहरुलाई मनोर ञ्जन दिलाउने महिलालाई गिशा भनिन्छ । त्यहाँ गिशाहरुलाई सम्मानको आँखाले हेरिन्थ्यो तर पछि कतिपय गिशाहरुले गाउन, नाच्नबाहेक शरीर सुम्पेर पुरुषहरुलाई यौन सन्तुष्टि पनि प्रदान गर्न थालेपछि जापानीहरुले नाक खुम्च्याउन सानैदेखि जे गरे पनि आमाबाबुबाट छुट पाएका कारण लापरवाह र अनियन्त्रित बनिन् । बाबुआमाको टाउको दुखाइ बन्न पुगिन् । नतिजा, बाबुआमाले नै याकोहामास्थित ठूलो गिशा घर मा बेचिदिए । त्यसबेला उनी १७ वर्षकी थिइन् । बाबु सिगेयोसी र आमा कात्सुले सोचेका थिए ।

# साताको भाग्यफल

| | |
|---|---|
| **मेष :** | यो साता कार्य सम्पादनमा सहजता मिल्नेछ । भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ । नयाँ काम सुरु गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । चिताएको कामले तीव्रता लिनेछ । अचल सम्पत्ति हतापर्नुका साथै लाभदायक यात्रा हुनेछ । |
| **वृष :** | किनमेल गर्दा विशेष सावधानी अपनाउनुहोला, सामानहरू छुट्ने-हराउने सम्भावना छ । महत्त्वपूर्ण अवसर गुम्न सक्छ । मंगलवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । यो साताका लागि शुभअङ्क २,९ र शुभ रङ्ग सेतो वा पहेंलो हो । |
| **मिथुन :** | यो साता मनमिल्ने प्यारोसाथी संग भेट होला । सामाजिक कार्यमा सफलता मिल्नेछ । कसैलाई परदेशी घर फर्कने र घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । मध्य सातामा मनमा निरासा र शरीरमा आलस्य आउला । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कर्कट :** | रिमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । शुभकार्यको चर्चा चल्नेछ । दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भुमिका निर्वाह गर्नेछ । साताको अन्त्यमा काममा अबरोध सृजना हुनसक्ने सम्भावना रहेकोले संघर्षको सामना गर्नुपर्ने छ । |
| **सिंह :** | यो साता कुनै नयाँ कार्यको थालनी होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । साताको उत्तरार्धबाट व्यापार व्यवसायमा बाधा आउला ।घर व्यवहारको समस्याले सताउनेछ । |
| **कन्या :** | यो साता प्रतिष्ठित काम गर्ने मौका छ । सामाजिक कामको दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा राम्रै लाभ र फाइदा हुनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । |
| **तुला :** | मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योग रहेको छ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यापार व्यवसायमा सफलता पाईनेछ । आफन्त सङ्ग रमाईलो भेटघाटपनि हुनेछ । |
| **वृश्चिक :** | लगनशीलताले कामहरु अगाडी बढ्नेछन । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ ठाउँमा लगानिको योजना बन्नेछ । आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । आफन्तले तपाईंका विचारलाई समर्थन गर्नेछन् । नयाँ काम वा रोजगार सनेट पाईनेछ । |
| **धनु :** | यो सातामा तपाईंको लगनशिलतालाई भित्रभित्रै मन पराइएको अवस्था छ । प्रतिस्पर्धी परास्त हुन सक्छन् । सजिलै अरुको बिश्वास जित्न सकिनेछ । वाक्चतुर्याईंले सङ्कल्प सिद्ध हुनेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । कुनै नयाँ ठाउँमा निवेश र लगानीको वातावरण बन्नेछ । |
| **मकर :** | साताको सुरुका दिनमा साना तिना समस्यामा अल्झिनुपर्ने हुन्छ । नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्छ । साताको मध्यबाट आदर्श व्यक्ति सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ । |
| **कुम्भ :** | योसाता लामो समय देखि रोकिएको अधूरो कार्यले पूर्णता पाउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । धार्मिक तथा महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ । |
| **मीन :** | पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । हाँसखेल र मनोरञ्जनपूर्ण समय पनि रहेको छ । श्रमको उचित मूल्याङ्कन होला। पढाइमा प्रगति हुनेछ। समय उत्साहवर्द्धक नै रहला । स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । |

## सान्नी त्रिवेणीमा.........................

लिन सकिन्छ। त्रिवेणी क्षेत्रमा पुग्नै गाह्रो छ तर, पुगेपछि भने पर्यटकका मनहरु पनि रोमाञ्चित हुन्छन् । प्रकृतिका अनेक छटाले धार्मिक तथा पर्यटकीय क्षेत्र भनिए पनि त्रिवेणी अत्यान्तै दर्शनीय छ ।

त्रिवेणी पाटनको जुनसुकै भागमा उभिएर हेर्दा पनि मानिसले मनोहर प्रकृतिको विपुल छटाहरूले घेरिएको पाउँछ । विशाल(विशाल गलैंचा ओछ्याइएका जस्तै लाग्ने ठूला(साना पाटनले घेरिएको त्रिवेण हेर्न आएका आगन्तुकको मननै लोभ्याउछ। त्रिवेणीको वरिपरि मिलाएर उमारिएका जस्ता लेकाली वन, पानीको कलकल र अलिपरतिर लस्करै उभिएका पाटनले त्रिवेणीलाई पृथ्वी(तलको स्वर्ग जस्तै कन्चन बनाएको छ। त्रिवेणीले पश्चिम नेपालको धार्मिक( सांस्कृतिक आयाम निकै थपेको छ । विभिन्न प्रजातिका वनस्पति रहेका छन् । त्रिवेणी क्षेत्रमा एक सय भन्दा धेरै विभिन्न किसिमका फूल फुल्छन् र २ सय भन्दा धेरै किसिमका चराचुरुङ्गीहरु छन् सयौं खाले जडिवुटि पनि पाइन्छ। अपार पर्यटकीय सम्भावनासहितको त्रिवेणी पाटनको विकासमा सरकारको ध्यान भने पुगेको छैन । सिजनअनुसार मात्र पर्यटक पुग्ने हुनाले यो क्षेत्रमा बास र खानपिनको प्रबन्धछैन ।

## किोभिडका कारण ....................

उनलाई सुरुवातमा अस्पतालको व्यवस्थापन लागिरहँदा कतिपयले कोरोनालाई बेवास्ता गरेको जस्तो लागेको थियो। केहीले उपचारमा सहभागी जनाउन आनाकानी गरेका र जिम्मेवारीबाट पन्छिन खोजेको जस्तो उनलाई आभास भएको थियो। संकटमा आफूले पाएको जिम्मेवारीबाट कहिले भाग्न नहुने उनको तर्क छ। कोरोना कसरी सर्छ र यसबाट कसरी बच्न सकिन्छ भन्दै तालिम सञ्चालन गरिएको उनी बताउँछिन्। संक्रमण फैलनबाट कसरी बच्न सकिन्छ विभिन्न उपाय अपनाउनुलाई अनुरोध गरिएको थियो ।

**समूहमा गरेको कामले सफलता**

उनको विचारमा ठूलो(ठूलो विपत्तिमा मानिसलाई सधैंभरी मनोवैज्ञानिक काउन्सिलिङको एकदमै अगाडि संलग्न चिकित्सक तथा नर्सलाई मनोवैज्ञानिक रुपमा बलियो बनाउने काममा उनी दृढ भएर लागेकी थिइन् ।उपचार गर्न आएका संक्रमितले केही कुराको अभाव भयो भनेर गुनासो नगरेको उनले सुनाइन्। केही कुराको पनि कमी हुन नदिन खटिएको थिए र भगवानको शक्तिले होला प्रायःजसो बिरामी हुने लक्ष्मी महामारीमा अस्पतालमा समय दिनुपर्ने भएर होला एकदिन पनि बिरामी भइनन् उनी। अस्पतालमा मेरो खाँचो भएर होला त्यो अभाव कहिले पनि हुन नदिएको उनी बताउँछिन्। छुट्याइएको छ'हामी यहाँ काम गर्नलाई आएका छौ । डराएर हुदैन काम गर्न आएकोले कसरी सुरक्षित भएर काम गर्न सकिन्छ त्यस्ता सल्लाह सुझाव समय(समयमा दिइरहने गरेको थिए,' उनले भनिन ।


## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

# घर भाडामा दिदाँ भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानिय प्रहरी ईकाइमा अनिवार्य दिने गरौँ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत